पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय

EX: पो .ब. नं. : ३९८७
सिंहदरवार, काठमाण्डौं

योजना, अनुगमन तथा समन्वय महाशाखा
(कार्यक्रम तथा योजना शाखा)

पत्र संख्या :- २०७७/०७८
चलानी नं.: 833
प्राप्त पत्र संख्या र मिति :-

मिति: २०७७/११/०३

विषय: कार्यविधि संशोधन सम्बन्धमा।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
प्रदेश नं. १, विराटनगर, मोरङ्ग/ प्रदेश नं. २, जनकपुर, धनुषा / वागमती प्रदेश, हेटौडा, मकवानपुर/ गण्डकी प्रदेश, पोखरा, कास्की / लुम्विनी प्रदेश, वुटवल, रुपन्देही / कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत/ सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

प्रस्तुत् विषयमा यस मन्त्रालयबाट तयार गरिएको **प्रदेशहरुबाट संचालन गरिने सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि, २०७६ (संशोधन सहित)** मा तपसिल अनुसार संशोधन गरिएको व्यहोरा वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०७७।१०।२९ को निर्णयानुसार अनुरोध छ।

तपसिल:

| क्र.सं. | कार्यक्रमको नाम | कार्यविधिमा भएको व्यवस्था | हाल संशोधित व्यवस्था |
|---|---|---|---|
| १ | १. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | १.३ वनमा आधारित ठुला तथा मझौला उद्योग १ प्रदेश १ उद्धम | १.३ वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालन |
| | | यस कार्यक्रमका लागि प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रचलित कानुन बमोजिम आबश्यकता अनुसार स्थानीय तह, स्थानीय उपभोक्ता समूह, निजी क्षेत्र, नेपाल सरकार समेत संग सहकार्य, साझेदारी वा सहलगानी समेत गर्नुपर्ने भए सो समेत गरी वनमा आधारित ठूला वा मझौला उद्योग स्थापना गरी संचालन गर्न सक्नेछन् । | यस कार्यक्रमका लागि प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रचलित कानुन बमोजिम आबश्यकता अनुसार स्थानीय तह, स्थानीय उपभोक्ता समूह, निजी क्षेत्र, नेपाल सरकार समेत संग सहकार्य, साझेदारी वा सहलगानी समेत गर्नुपर्ने भए सो समेत गरी वन पैदावारमा आधारित उद्योग स्थापना गरी संचालन गर्न सक्नेछन् । |

२०७७/११/०२

(नारायण प्रसाद पोखेल)
स. वैज्ञानिक अधिकृत

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रदेश नं. १, विराटनगर, मोरङ्ग / प्रदेश नं. २, जनकपुर, धनुषा/वागमती प्रदेश, हेटौडा, मकवानपुर/गण्डकी प्रदेश, पोखरा, कास्की/ लुम्विनी प्रदेश, वुटवल, रुपन्देही/ कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत/ सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

फोन नं.:-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११८६८

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो. ब. नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

योजना, अनुगमन तथा समन्वय महाशाखा
(कार्यक्रम तथा योजना शाखा)

O/C

मितिः २०७७/०६/१५

पत्र संख्या :- २०७६/७७
चलानी नं. :- ९५६
प्राप्त पत्र संख्या र मिति :-

विषयः कार्यक्रम कार्यान्वयन कार्यविधि सम्बन्धमा।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
प्रदेश नं. १, विराटनगर, मोरङ्ग/ प्रदेश नं. २, जनकपुर, धनुषा / वाग्मती प्रदेश, हेटौडा, मकवानपुर/ गण्डकी प्रदेश, पोखरा, कास्की / प्रदेश नं. ५, वुटवल, रुपन्देही / कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत / सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

प्रस्तुत विषयमा चालु आ.व. २०७७।७८ मा प्रदेशस्तरबाट संचालन हुने सशर्त अनुदानका कार्यक्रमहरु कार्यान्वयन सम्बन्धमा **प्रदेशहरुबाट संचालन गरिने सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि, २०७६ (संशोधन समेत)** मा तपसिल अनुसार व्यवस्था थप गरी कार्यान्वयन हुन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा.मन्त्रिस्तर) को मिति २०७७।०६।१४ को निर्णयानुसार अनुरोध छ।साथै, सो कार्यविधि यस मन्त्रालयको वेभ साईट www.mofe.gov.np मा उपलब्ध हुने व्यहोरा समेत अनुरोध छ।

तपसिलः

श्री अर्थ मन्त्रालय समेतको सहमतिमा यस मन्त्रालय (मा.मन्त्रिस्तर) बाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ अनुसार र नयाँ कार्यक्रमको हकमा देहाय अनुसार हुने गरी कार्यान्वयन गर्नुहुन।

**कार्यक्रमको नामः** राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम- *जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन कार्यक्रम।*

**१. जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन कार्यक्रमको कार्यविधिः**

विभिन्न स्थानमा संरक्षित क्षेत्र भन्दा बाहिरको क्षेत्रहरुमा वन्यजन्तुहरुको जैविक मार्ग, वासस्थान संरक्षण र वन संरक्षण क्षेत्र व्यवस्थापनका लागि यो रकम खर्च गरिनेछ।यस कार्यक्रम अन्तर्गत प्रजाति संरक्षण, वासस्थान संरक्षण, मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सम्बन्धि विविध कार्यक्रम, वन्यजन्तुको लागि पानी पोखरी निर्माण, घाँसे मैदान व्यवस्थापन, जैविक विविधता तथा जैविक मार्ग संरक्षण सम्बन्धि प्रचार प्रसारका कार्यहरु गर्न सकिने, हाल कार्यान्वयनमा रहेका TAL, CHAL लगायतका भू परिधिस्तरका रणनीति तथा कार्यक्रमसंग तालमेल हुने गरी कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाउने, सम्बन्धित डिभिजन वन कार्यालयको पन्चवर्षिय योजनाले समेटेका कार्यहरु र अन्य विकास साझेदारहरुको कार्यक्रमसंग नदोहोरिने गरी कार्यक्रम सन्चालन गर्नु पर्नेछ।साथै, प्रकृति सुहाउदो हुने गरी संरक्षण तथा विकास संरचना निर्माण गर्ने, प्रजाति संरक्षण कार्ययोजना अनुसारका कार्यक्रम सन्चालन गर्ने र स्थान तथा क्रियाकलाप तोकेको हकमा सोही अनुसार कार्यक्रम संचालनको व्यवस्था मिलाएर क्रियाकलापहरु सन्चालन गर्न सकिने छ।

**जनशक्ति व्यवस्थापनः**

प्रदेशस्तरको सम्बन्धित कार्यालयका कर्मचारीहरुको प्राबिधिक सहयोगमा कार्य संचालन गर्न सकिनेछ र आवश्यकता अनुसार प्रदेशले मौजुदा जनशक्ति व्यवस्थापन समेत गर्न सक्नेछ ।

**बजेट व्यवस्थापनः**

यो कार्यक्रमको लागि सम्बन्धित प्रदेश मन्त्रालयमा सशर्त अनुदानमा प्राप्त विनियोजित वजेट बमोजिम व्यवस्थापन हुनेछ।

**अपेक्षित उपलब्धि**

विभिन्न स्थानमा संरक्षित क्षेत्र भन्दा बाहिरको क्षेत्रहरुमा वन्यजन्तुहरुको जैविक मार्ग, वासस्थान संरक्षण र वन संरक्षण क्षेत्रको संरक्षण एवं व्यवस्थापन भएको हुनेछ।

२०७७/६/१५

(नारायण प्रसाद पोखेल)
स. वैज्ञानिक अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रदेश नं. १, विराटनगर, मोरङ्ग/ प्रदेश नं. २, जनकपुर, धनुषा/ वाग्मती प्रदेश, हेटौडा, मकवानपुर/ गण्डकी प्रदेश, पोखरा, कास्की/ प्रदेश नं. ५, वुटवल, रुपन्देही/ कर्णाली प्रदेश, वीरेन्द्रनगर/ सुदूरपश्चिम प्रदेश, धनगढी,।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
योजना, अनुगमन तथा समन्वय महाशाखा
(कार्यक्रम तथा योजना शाखा)

EX: पो .ब. नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

मितिः २०७७/०२/०२

पत्र संख्या :- ०७६/७७
चलानी नं.: ६८५
प्राप्त पत्र संख्या र मिति :-

विषयः कार्यविधि संशोधन सम्बन्धमा।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,

प्रदेश नं. १, विराटनगर, मोरङ्ग/ प्रदेश नं. २, जनकपुर, धनुषा / वाग्मती प्रदेश, हेटौडा, मकवानपुर/ गण्डकी प्रदेश, पोखरा, कास्की / प्रदेश नं. ५, वुटवल, रुपन्देही / कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत / सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

प्रस्तुत् विषयमा यस मन्त्रालयबाट तयार गरिएको **प्रदेशहरुबाट संचालन गरिने सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि, २०७६ (आ.व. २०७६।७७)** मा तपसिल अनुसारको बुँदाहरुमा संशोधन गरिएको व्यहोरा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा.मन्त्रिस्तर) को मिति २०७७।०२।०२ को निर्णयानुसार अनुरोध छ।

तपसिलः

| क.सं. | कार्यक्रमको नाम | हाल कार्यविधिको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १ | १. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रमको १.३ वनमा आधारित ठुला तथा मझौला उधोग १ प्रदेश १ उद्धम | यस कार्यक्रमका लागि प्रदेश उद्योग, पर्यटन , वन, तथा वातावरण मन्त्रालयले प्रचलित कानुन बमोजिम आबश्यकता अनुसार स्थानीय तह ,स्थानीय उपभोक्ता समूह ,निजी क्षेत्र ,नेपाल सरकार समेत संग सहकार्य , साझेदारी वा सह-लगानी समेत गर्नुपर्ने भए सो समेत गरी वनमा आधारित ठूला वा मझौला उद्योग स्थापना गरी संचालन गर्न सक्नेछन् । | यस कार्यक्रमका लागि प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रचलित कानुन बमोजिम आबश्यकता अनुसार स्थानीय तह, स्थानीय उपभोक्ता समूह, निजी क्षेत्र, नेपाल सरकार समेत संग सहकार्य, साझेदारी वा सहलगानी समेत गर्नुपर्ने भए सो समेत गरी वनमा आधारित ठूला वा मझौला उद्योग स्थापना गरी संचालन गर्न सक्नेछन् ।यसको साथै देहायको विषयहरु समेतलाई ध्यान दिइ कार्यक्रम कार्यान्वयन गर्न सकिने छ।<br>(क) वनमा आधारित उद्योग स्थापनालाई प्रवर्द्धन गर्न स्थापनाको शुरुवाती समयमा प्रदेश सरकारले केही हिस्सा शेयरको रुपमा लगानी गरी उद्यमशिलता विकास भइसकेपछि क्रमशः शेयरको मात्र घटाउदै लैजाने,<br>(ख) वनमा आधारित उद्योग वा जडीबुटी उद्योगहरुलाई सहुलियतपूर्ण व्याजमा ऋण प्रवाह गर्न बैक तथा वित्तीय संस्थाहरु मार्फत सहुलियतपूर्ण कर्जाको प्याकेज संचालन गर्न सकिने,<br>(ग) वनमा आधारित उद्योग वा जडीबुटी उद्योग स्थापना गर्दा आवश्यक पर्ने शुरुवाती पूँजीको केही हिस्सा आवश्यक शर्त निर्धारण गरी अनुदानको रुपमा उपलब्ध गराउने व्यवस्था गर्न सकिने । यसरी शर्त तोक्दा उद्योगको उत्पादन क्षमता विस्तार गर्न सघाउ पुर्याउने गरी पूँजीगत प्रकृतिको खर्चमा मात्र उपयोग गर्नु पर्ने व्यवस्था मिलाउने,<br>(घ) दातृ निकायको श्रोतबाट संचालित हुने आयोजनाहरुको कार्यान्वयन, सोको संझौताको शर्त बमोजिम हुने व्यवस्था मिलाउने,<br>(ङ) अनुदानको रकम यकिन गर्न नेपाल सरकारको निर्णय अनुसार दिन सकिने व्यवस्था मिलाउने,<br>(च) सशर्त अनुदान वित्तीय हस्तातरणको माध्यम मात्र नभई सरकारको सशक्त नीति उपकरण भएको सन्दर्भलाई समेत दृष्टिगत गरि ससाना टुक्रे कार्यक्रम तथा आयोजना मार्फत कार्यान्वय नगरी विभिन्न तहहरुका सरकारहरुबीचको समन्वय तथा सहकार्यको संस्कार तथा संस्कृतिमा बढोत्तरी गर्ने सेतुको रुपमा वनमा आधारीत उद्योगलाई विकास गर्ने तर्फ विशेष ध्यान पुराउने, |

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
EX: पो .ब. नं. : ३९८७
सिहंदरवार, काठमाण्डौं

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरवार, काठमाडौं

पत्र संख्या :-
चलानी नं.:
प्राप्त पत्र संख्या र मिति :-

| क्र.सं. | कार्यक्रमको नाम | हाल कार्यविधिको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| २ | २.जडिबुटी विकास कार्यक्रमको २.२ जडीबुटी उत्पादन, खेती विस्तार, भण्डारण | निजी हकभोकको जग्गामा व्यवसायिक जडिबुटी उत्पादन तथा खेती विस्तार सम्बन्धी प्रावधानमा भएको व्यवस्था अनुसार गर्नु पर्नेछ । भण्डारण क्षेत्र निर्माणको हकमा समेत सम्बन्धित प्रावधानमा भएको व्यवस्था अनुसार गर्नु पर्नेछ । | निजी हकभोकको जग्गामा व्यवसायिक जडीबुटी उत्पादन तथा खेती विस्तार सम्बन्धी प्रावधानमा भएको व्यवस्था अनुसार गर्नु पर्नेछ । भण्डारण क्षेत्र निर्माणको हकमा समेत सम्बन्धित प्रावधानमा भएको व्यवस्था अनुसार गर्नु पर्नेछ ।यसको साथै देहायको विषयहरु समेतलाई ध्यान दिइ कार्यक्रम कार्यान्वयन गर्न सकिने छ।<br>(क) वनमा आधारित उद्योग स्थापनालाई प्रवर्द्धन गर्न स्थापनाको शुरुवाती समयमा प्रदेश सरकारले केही हिस्सा शेयरको रुपमा लगानी गरी उद्यमशिलता विकास भइसकेपछि क्रमशः शेयरको मात्र घटाउदै लैजाने,<br>(ख) वनमा आधारित उद्योग वा जडीबुटी उद्योगहरुलाई सहुलियतपूर्ण व्याजमा ऋण प्रवाह गर्न बैक तथा वित्तीय संस्थाहरु मार्फत सहुलियतपूर्ण कर्जाको प्याकेज संचालन गर्न सकिने,<br>(ग) वनमा आधारित उद्योग वा जडीबुटी उद्योग स्थापना गर्दा आवश्यक पर्ने शुरुवाती पूँजीको केही हिस्सा आवश्यक शर्त निर्धारण गरी अनुदानको रुपमा उपलब्ध गराउने व्यवस्था गर्न सकिने । यसरी शर्त तोक्दा उद्योगको उत्पादन क्षमता विस्तार गर्न सघाउ पुर्याउने गरी पूँजीगत प्रकृतिको खर्चमा मात्र उपयोग गर्ने पर्ने व्यवस्था मिलाउने,<br>(घ) दातृ निकायको श्रोतबाट संचालित हुने आयोजनाहरुको कार्यान्वयन, सोको संझौताको शर्त बमोजिम हुने व्यवस्था मिलाउने,<br>(ङ) अनुदानको रकम यकिन गर्न नेपाल सरकारको निर्णय अनुसार दिन सकिने व्यवस्था मिलाउने,<br>(च) सशर्त अनुदान वित्तीय हस्तारतरणको माध्यम मात्र नभई सरकारको सशक्त नीति उपकरण भएको सन्दर्भलाई समेत दृष्टिगत गरि ससाना टुक्रे कार्यक्रम तथा आयोजना मार्फत कार्यान्वय नगरी विभिन्न तहहरुका सरकारहरुबीचको समन्वय तथा सहकार्यको संस्कार तथा संस्कृतिमा बढोत्तरी गर्ने सेतुको रुपमा वनमा आधारीत उद्योगलाई बिकास गर्ने तर्फ विशेष ध्यान पुराउने, |

०७६।०७।०२

(नारायण प्रसाद पोखेल)
स. वैज्ञानिक अधिकृत

**बोधार्थ:**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रदेश नं. १, विराटनगर, मोरङ्ग / प्रदेश नं. २, जनकपुर, धनुषा/ वाग्मती प्रदेश, हेटौडा, मकवानपुर/ गण्डकी प्रदेश, पोखरा, कास्की/ प्रदेश नं. ५, वुटवल, रुपन्देही/ कर्णाली प्रदेश, वीरेन्द्रनगर/ सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

२१

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
EX: पो .ब. नं. : ३९८७
सिहंदरवार, काठमाण्डौं

योजना, अनुगमन तथा समन्वय महाशाखा
(कार्यक्रम तथा योजना शाखा)

पत्र संख्या :-
चलानी नं.:४२१
प्राप्त पत्र संख्या र मिति :-

२०७६।०९।०६

विषयः कार्यविधिमा संशोधन सम्बन्धमा ।

श्री उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
प्रदेश न. १, विराटनगर/ प्रदेश न. २, जनकपुर/ प्रदेश न. ३, हेटौडा/ गण्डकी प्रदेश, पोखरा/ प्रदेश न. ५, बुटवल/ कर्णाली प्रदेश, सुर्खेत/सुदूरपश्चिम प्रदेश, धनगढी ।

प्रस्तुत विषयमा प्रदेशहरुबाट संचालन गरिने सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि, २०७६ नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको मा. मन्त्रीस्तरको मिति २०७६।८।६ को निणर्य अनुसार स्वीकृत भई कार्यान्वयनमा आएको सन्दर्भमा प्रदेशहरुमा सचालन गरिने कार्यक्रमहरुलाई थप सरल र सहज बनाउन उल्लेखित कार्यविधिमा तपशिल अनुसार नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०७६।०९।०२ को निर्णयानुसार सशोधन भएको व्यहोरा अनुरोध छ ।

तपशिल

| क्र.सं. | कार्यक्रमको नाम | कृयाकलापको नाम | संशोधन |
|---|---|---|---|
| १ | ३.जलाधार व्यवस्थापन कार्यक्रम | ३ .१.पानी श्रोत व्यवस्थापन तथा बहुउपयोग runoff harvesting dam निर्माण | जनशक्ती व्यवस्थापनको "डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी" भन्ने शब्दहरु पछि "वा भू तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारी " भन्ने शब्दहरु थपिएको । |
| २ | ३.जलाधार व्यवस्थापन कार्यक्रम | ३ .२.गल्छि पहिरो नियन्त्रण फलफुल सहितको बायोइन्जिनियरिङ |  |
| ३ | ४. वातावरण विभाग | ४ .१.शहरी हरित पार्क स्थापना, ४ .२.विश्व वातावरण दिवश मनाउने, ४ .३.सार्वजनिक स्थल, गाउँ, नगर सरसफाइ कार्यक्रम |  |

राजु गुरुङ
सहायक योजना अधिकृत

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिहदरबार, काठमाण्डौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश न. १, विराटनगर/ प्रदेश न. २, जनकपुर/ प्रदेश न. ३, हेटौडा/ गण्डकी प्रदेश, पोखरा/ प्रदेश न. ५, बुटवल/ कर्णाली प्रदेश, सुर्खेत/ सुदूरपश्चिम प्रदेश, धनगढी ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

सिंहदरवार, काठमाण्डौं

# प्रदेशहरुबाट संचालन गरिने सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि, २०७६

## आ. व. २०७६/०७७

विषय-सूचि

प्रदेश मन्त्रालय अन्तर्गत संचालन हुने कार्यक्रमहरु (ब.उ.शी.नं. ७०१०००११ - ७ सबै प्रदेशको लागि) ........ 1
१. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम ........ 1
१.१. सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन ........ 1
१.२. वन अतिक्रमण हटाई व्यवस्थापन ........ 2
१.३. बनमा आधारित ठूला तथा मझौला उधोग - १ प्रदेश १ उधोग ........ 3
१.४. पर्यापर्यटन प्रवर्द्धन ........ 3
२.४.१. सामुदायिक वनमा पर्यापर्यटन अभिवृद्धि ........ 3
१.५. साझेदारी वन र चक्ला बनमा वैज्ञानिक वन व्यवस्थापन ........ 4
१.५.१. साझेदारी वन व्यवस्थापन (वैज्ञानिक वन व्यवस्थापन, कार्ययोजना कार्यान्वयन) ........ 4
१.५.२. चक्ला वनमा बैज्ञानिक वन व्यवस्थापन ........ 5
१.६. सामुदायिक बनमा बैज्ञानिक बन व्यवस्थापन कार्यक्रम ........ 5
१.७. अग्नी नियन्त्रण सम्बन्धि सामाग्री, उपकरण तथा सामान खरिद तथा वितरण ........ 8
१.८. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन ........ 9
१.९. फलफुल विरुवा उत्पादन (वृक्षारोपण वर्ष) ........ 10
१.१०. अन्य विरुवा उत्पादन (वृक्षारोपण वर्ष) ........ 10
१.११. पश्चिम पहाड भूपरिधि नमूना कार्यक्रम ........ 11
२. जडीवुटी विकास कार्यक्रम ........ 12
२.१. फोकल टिम बैठक ........ 12
२.२. जडीबुटी उत्पादन, खेती विस्तार, भण्डारण ........ 13
२.३. सहकारी मार्फत जडीबुटीका उत्पादन खेती विस्तार, भण्डारण, प्रशोधन र बजारीकरण ........ 13
२.४. जडीबुटी विरुवा उत्पादन हजारमा ........ 14
२.५. नर्सरी मर्मत ........ 15
२.६. जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना ........ 15
२.७. पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार ........ 17

३. जलाधार व्यवस्थापन कार्यक्रम........18

**३.१. पानी श्रोत व्यवस्थापन तथा बहुउपयोग ताल, रनअफ हार्भेष्टिङ ड्याम निर्माण**........18

**३.२. गल्छि पहिरो नियन्त्रण फलफुल सहितको बायोइन्जिनियरिङ**........18

४. वातावरण विभाग........19

**४.१. शहरी हरित पार्क स्थापना**........19

**४.२. विश्व वातावरण दिवश मनाउने**........22

**४.३. सार्वजनिक स्थल, गाउँ, नगर सरसफाइ कार्यक्रम**........22

**४.४. विधुतीय सवारी साधन प्रवर्द्धन कार्यमा सहयोग**........23

**४.५. फोहरलाई श्रोतमा नै वर्गिकरण गरी व्यवस्थापन गर्न जनचेतना अभिवृद्धि गराउने**........23

**४.६. प्लाष्टिकको झोलाको विकल्पको रूपमा वैकल्पीक झोला प्रयोगलाई प्रवर्द्धन तथा प्रदुषण नियन्त्रण सम्बन्धि अन्तरक्रिया**........24

संघीय सरकारको वार्षिक स्विकृत कार्यक्रम अनुसार प्रदेश सरकारलाई ससर्त अनुदान स्वरुप आ.व. २०७६।०७७ मा निम्नानुसारका कार्यक्रमहरु संचालनको लागि सरलता, सहजता र एकरुपता प्रदान गर्न देहायको कार्यविधिको अधिनमा रहि कार्यक्रम संचालन तथा व्यवस्थापन हुन मनासिब देखि यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

**प्रदेश मन्त्रालय अन्तर्गत संचालन हुने कार्यक्रमहरु (ब.उ.शी.नं. ७०१०००११ - ७ सबै प्रदेशको लागि)**

प्रदेश सरकारलाई ससर्त अनुदान स्वरुप आ.व. २०७६।०७७ का कार्यक्रमहरु प्रदेशको उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय र डिभिजन वन कार्यालयहरु मार्फत कार्यान्वयन गरिनेछ :

**१. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम**

नेपालको वन क्षेत्रको वैज्ञानिक ढंगबाट संरक्षण, विकास र व्यवस्थापन गर्दै काष्ठ र गैरकाष्ठ वन पैदावारको उत्पादकत्व र उत्पादन वढाएर स्थानीय र राष्ट्रिय आवश्यकता परिपूर्ति एवं विदेश निकासी गरी स्थानीय तथा राष्ट्रिय आय बढाउन सकिन्छ । वन संरक्षण र व्यवस्थापनमा जनसहभागिता अभिबृद्धि गरी संरक्षण र विकासलाई प्रभावकारी वनाउनुका साथै यसबाट स्थानीय जनतालाई रोजगारीको अवसरहरु सृजना गरी जीविकोपार्जनमा सुधार ल्याउन योगदान पुर्याउन सकिन्छ । यिनै सम्भावनाहरुलाई मध्येनजर गरी वन तथा वातावरण मन्त्रालयको स्थापनासँगै विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्दै वनको संरक्षण तथा विकासमा उल्लेखनीय प्रगति हासिल हुँदै आएको छ ।

यस कार्यक्रम अन्तर्गत मुख्यरुपमा वन तथा जैविक विविधताको संरक्षण, वन संरक्षण, सम्वर्धन तथा व्यवस्थापन र वन पैदावारको सदुपयोग तथा आपूर्तिका कार्यक्रमहरु पर्दछन् । जडीबुटी कार्यक्रम लागू नभएका जिल्लाहरुमा जडीबुटी तथा अन्य गैरकाष्ठ वनपैदावारको संरक्षण तथा व्यवस्थापन समेत यसै कार्यक्रमबाट हुँदै आईरहेको छ । यसै कार्यक्रम मार्फत सबै डिभिजनहरुमा वन कार्ययोजना तयारी तथा अध्यावधिक गरी सोही अनुसारका कृयाकलाप संचालन गरिंदै आएको छ । यस आ.व.मा यो कार्यक्रम अन्तर्गत रु. ६६,२६,५०,०००|- को बजेट विनियोजन भएको छ । यस कार्यक्रम अन्तरगत निम्न क्रियाकलापहरू संचालन हुनेछन् ।

**१.१. सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन**

जिल्लाको वनक्षेत्रमा रहेका महत्वपूर्ण सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि यो रकम खर्च गरिनेछ । सिमसार क्षेत्र व्यवस्थापनका लागि राष्ट्रिय सिमसार नीति, २०६९ ले अवलम्वन गरेका विषयबस्तु अनुसार हुनुपर्दछ । यो कार्यक्रम अमानतबाट, उपभोक्ता समूहबाट वा सार्वनजिक खरिद ऐन, २०६३ र नियमावली २०६४ अनुसार सेवा प्रदायकबाट संचालन गर्न समेत सकिनेछ । व्यस्थापन गरिने सिमसार क्षेत्रको लागत अनुमान डिभिजन वन अधिकृतबाट स्वीकृत गरी सोही अनुसारका कार्यक्रम संचालन गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, समूह/समिति, स्थानिय तह लगाएत अन्य सरोकारवालाहरुसँगको समन्वयमा तथा सेवाप्रदायकवाट समेत कार्य संचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन भइ जैविक विविधताको संरक्षण तथा स्थानिय रोजगारीमा बढोत्तरी हुने ।

**१.२. वन अतिक्रमण हटाई व्यवस्थापन**

अतिक्रमित वन क्षेत्रबाट अतिक्रमण गर्ने व्यक्तिहरुलाई हटाई पुनः वन क्षेत्र कायम गर्नु पर्नेछ । विभिन्न जिल्लाबाट विभागमा प्राप्त अतिक्रमणको तथ्याङ्कको आधारमा क्षमता र श्रोत साधनको व्यवस्थापनलाई सशक्तिकरण गर्न यो कार्यक्रम संचालन गरिनेछ । अतिक्रमण हटाई नियन्त्रणमा लिइएको खाली जग्गामा सकभर सहभागितामूलक ढंगले संरक्षण तथा वन विकासका कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।

आकस्मिक रुपमा अतिक्रमण हटाउन वा अतिक्रमण हटाई सकिएको स्थान त्यसै छाडिदिंदा पुन अतिक्रमण हुनसक्ने भएकोले पुन: अतिक्रमण नहुने गरी संरक्षण गर्नुपर्नेछ । यस शीर्षकमा विनियोजन भएको बजेट रकमबाट अतिक्रमण हटाउने, तारबार लगाउने, वृक्षारोपण, आवश्यकतानुसार रोपिएका विरुवाहरुको संरक्षणका लागि हेरालुको समेत व्यवस्था गर्नुपर्नेछ काममा खर्च गर्नुपर्नेछ । त्यस्ता क्षेत्रहरुमा आवश्यकतानुसार तारवार, वृक्षारोपण गरी कार्यक्रम संचालन गर्नुपर्नेछ । अतिक्रमण हटाउनको लागि जनशक्ति (सुरक्षाकर्मी, कर्मचारी, समुदाय आदि) परिचालन गर्नुपर्ने भएमा सोको लागि खाना, खाजा, यातायात, ईन्धन खर्च, संचार र उपचार खर्चको लागि समेत खर्च गर्न सकिनेछ। अतिक्रमण हटाई वृक्षारोपण गरिएको ठाउँमा अतिक्रमित क्षेत्र खाली गरिएको मिति, क्षेत्रफल, नक्शा, तुलनात्मक फोटो, GIS नक्शा समेत संलग्न राखी प्रतिवेदन तयार गर्नुपर्नेछ । वन अतिक्रमण हटाउंदा विशेष गरी निम्न कुराहरुमा ध्यान दिनुपर्नेछ :

(१) पूर्व तयारी कार्यक्रम: लगत अध्यावधिक तथा योजना तयार, कार्यदलको बैठक संचालन, जनचेतनामूलक सन्देश प्रशारण तथा प्रकाशन, फिल्डस्तरीय अन्तरक्रिया आदि ।

(२) अतिक्रमण नियन्त्रण: समन्वय, सूचना प्रकाशन, लजिस्टिक सहयोग, सवारी भाडा (ट्र्याक्टर, बुल्डोजर समेत) प्राथमिक उपचार, इन्धन, बिमा आदि ।

(३) पुर्नस्थापना: योजना तयारी, विरुवाको व्यवस्था तथा वृक्षारोपण, तारवार, सिमाना, हेरालु व्यवस्था आदि ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, वन उपभोक्ता समूह तथा सरोकारवाला निकायहरु, स्थानिय तह समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

अतिक्रमित वन क्षेत्र राष्ट्रिय वनमा समाहित भई उचित व्यवस्थापन हुने ।

**१.३. बनमा आधारित ठूला तथा मझौला उधोग - १ प्रदेश १ उधोग**

यस कार्यक्रमका लागि प्रदेश उद्धोग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रचलित कानुन बमोजिम आबश्यकता अनुसार स्थानीय तह, स्थानीय उपभोक्ता समूह, निजी क्षेत्र, नेपाल सरकार समेत संग सहकार्य, साझेदारी वा सहलगानी समेत गर्नुपर्ने भए सो समेत गरी वनमा आधारित ठूला वा मझौला उद्धोग स्थापना गरी संचालन गर्न सक्नेछन् ।

**जनशक्ति व्यवस्थापन**

प्रदेशस्तरका मन्त्रालय, वन निर्देशनालय वा डिभिजन तथा सबडिभिजन वन कार्यालयका कर्मचारीहरको प्राबिधिक सहयोग लिएर यो कार्यक्रम संचालन गर्न सकिनेछ ।

**वजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयमा विनियोजन भए बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- वनमा आधारित मझौला वा ठुला उधोग स्थापना तथा संचालन भएको हुनेछ।

**१.४. पर्यापर्यटन प्रवर्द्धन**

यस कार्यक्रममा विनियोजित रकम राष्ट्रिय वनहरु वा सार्वजनिक क्षेत्रमा पर्यापर्यटन प्रवर्धनका लागि खर्च गर्न सकिनेछ । सो कार्यक्रम संचालन गर्दा बन तथा भूसंरक्षण विभागको स्विकृत आ.व. २०७६।०७७ को वनमा पर्यापर्यटन प्रवर्धन सम्बन्धि कार्यविधि, २०७६ कार्यविधिको समेत आधार लिन सकिनेछ ।

**२.४.१. सामुदायिक वनमा पर्यापर्यटन अभिवृद्धि**

सामुदायिक वनले दिन सक्ने वातावरणीय सेवाको अधिकतम उपयोग गर्न वन पैदावारको लागि सामुदायिक वन व्यवस्थापनका साथै पर्यापर्यटन कार्यक्रम समेत संचालन गर्न आवश्यक देखिएको ।

हाल कतिपय सामुदायिक वनहरुले स्वतस्फुर्त रुपमा पर्यापर्यटन व्यवस्थापन गरिराखेका छन् । यो कार्यक्रम माथी उल्लेखित वन तथा भूसंरक्षण विभागको सामुदयिक वनमा पर्यापर्यटन प्रवर्धन कार्यविधि २०७६ बमोजिम कार्य संचालन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

प्रदेशस्तरका डिभिजन तथा सबडिभिजन कार्यालयका कर्मचारीहरको प्राबिधीक सहयोग लिएर सामुदायिक वनको उपभोक्ताहरु द्वारा गर्नुपर्ने छ ।

**वजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- सामुदायिक वनहरुमा पर्यापर्यटन अभिवृद्धि भएको हुनेछ।

**१.५. साझेदारी वन र चक्ला बनमा वैज्ञानिक वन व्यवस्थापन**

**१.५.१. साझेदारी वन व्यवस्थापन (वैज्ञानिक वन व्यवस्थापन, कार्ययोजना कार्यान्वयन)**

साझेदारी वन कार्ययोजना तयारी, सघन वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन कार्यका लागि वन सम्वर्धन, संरक्षण, वन विकास कार्य, कार्यालय संचालन, अनुगमन निरीक्षण, क्षमता विकास, बैठक, गोष्ठी, अवलोकन भ्रमण आदि कार्य वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१, स्वीकृत वन व्यवस्थापन योजना तथा प्रचलित नमर्स अनुसार गर्नुपर्नेछ।

स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही साझेदारी वन व्यवस्थापन कार्ययोजनाको आधारमा कार्यान्वयन इकाईले वार्षिक कार्यक्रम तयार गर्नु पर्ने छ । यसरी तयार भएको कार्यक्रम समितिको बैठकबाट पास गरी डिभिजन वन अधिकृतबाट स्वीकृत गराएर लागु गरिनेछ । स्वीकृत बजेट सम्बन्धि साझेदारी वन उपभोक्ता समूहको खातामा जम्मा गरी कार्यक्रम कार्यान्वयन गरिने छ । बजेट खर्च तथा कार्यक्रमको प्रगति सहितको प्रतिवेदन समूहले डिभिजन वन कार्यालयमा नियमित रुपमा पेश गर्नु पर्ने छ । कार्यक्रम कार्यान्वयन समूहबाट, वन कर्मचारी वा सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, साझेदारी वन व्यवस्थापन समूह/समिति, स्थानिय तह लगाएत अन्य सरोकारवालाहरु । यो कार्य सेवा खरीद गरी पनि संचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- साझेदारी वन व्यवस्थापन भइ काठदाउराको उत्पादन तथा स्थानिय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने ।

**१.५.२. चक्ला वनमा बैज्ञानिक वन व्यवस्थापन**

यस शीर्षकमा विनियोजित रकम निम्नानुसारको कार्यविधी अनुसारमा भएको व्यवस्था अनुसार खर्च गर्नु पर्नेछ ।

सरकारद्धारा व्यवस्थित चक्ला वनहरुमा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१, स्वीकृत कार्ययोजना तथा प्रचलित नर्मस् वमोजिम संचालन गर्नुपर्नेछ । स्वीकृत चक्ला वन व्यवस्थापन कार्ययोजनाको आधारमा विनियोजित बजेटको सीमा भित्र रही विस्तृत कार्यक्रम तयार गरी एक तह माथिबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ । चक्ला वन व्यवस्थापन गर्दा कार्ययोजनामा लेखिएको समयसिमा भित्र कार्य सम्पन्न गर्नु पर्दछ । चक्ला वनमा योजना गरिएका कार्यक्रम, बजेट, नक्शा सबै खुल्ने गरी साइनबोर्ड बनाई सबैले देख्ने स्थानमा राख्नु पर्दछ । यसका सम्पूर्ण वा आंशिक कार्यक्रम सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी लगायत सेवा खरीद समेत गरी यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- सरकारद्वारा व्यवस्थित (चक्ला वन समेत) व्यवस्थापन भइ काठदाउराको उत्पादन तथा स्थानिय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने ।

**१.६. सामुदायिक बनमा बैज्ञानिक बन व्यवस्थापन कार्यक्रम**

१.६.१. पृष्ठभूमी

बिगत तीन दशक अर्थात् वन क्षेत्रको गुरुयोजना लागु भए देखि नै नेपाल सरकारको पहिलो प्राथमिकताको (P1) कार्यक्रमको रुपमा ७४ वटै (मुस्ताङ्ग वाहेक) जिल्लाहरुमा सामुदायिक वन विकास कार्यक्रम संचालन हुँदै आईरहेको छ । शुरुमा वनको संरक्षण गरी स्थानिय जनताको वन पैदावारको दैनिक आधारभूत आवश्यकता पूरा गर्ने ध्येयका साथ संचालित यो कार्यक्रम क्रमशः गरिवी न्यूनिकरण, जीविकोपार्जनमा सुधार, सुशासन, जलवायु परिवर्तन, समावेशीताका सवालहरुलाई सम्वोधन गर्दै आईरहेको छ । हाल २२,००० हजार भन्दा बढि समूह मार्फत २२ लाख ३७ हजार ६७० हेक्टर

क्षेत्रफल व्यवस्थापन भई २९ लाख ७ हजार ८७१ स्थानिय घरधुरी लाभान्वित भई स्थानिय रोजगारीमा योगदान पुर्याईरहेको छ । अर्को तर्फ कवुलियती वनको संरक्षण तथा व्यवस्थापनबाट वनको हैसियतमा सुधार तथा स्थानिय जनताको आयआर्जनमा वृद्दि गर्ने लक्ष्यका साथ यो कार्यक्रम आ.व. २०४९/५० देखि नै संचालित छ । विगतमा विभिन्न दातृ संस्थाहरुको सहयोगमा संचालन भएको यस कार्यक्रम अहिले नेपाल सरकारको आन्तरिक श्रोतबाट संचालित छ । यस कार्यक्रमबाट ७,४८४ समूहहरुबाट ४३,३१६.५२ हे. वन व्यवस्थापन ७१,७५३ घरधुरीहरु लाभान्वित भई रहेका छन् ।

यस कार्यक्रम अन्तर्गत सामुदायिक तथा कवुलियती वन समूह गठन, हस्तान्तरण तथा पुनरावलोकन, स्थलगत अभ्यास, क्षमता तथा सिप विकास तालिम, गोष्ठी तथा अन्तक्रिया, तथ्यांक संकलन तथा अध्यावधिक, सामुदायिक वनमा वैज्ञानिक व्यवस्थापन, क.व. समूहमा अन फार्मबाट आय आर्जनको लागि अनुदान सहयोग, पशु स्वास्थय सेवा तथ वंश सुधार सहयोग, कवुलियती वन सहकारी गठन, संचालन र अनुदान, क.वनमा वृक्षारोपण, समूहबाट उत्पादित विरुवा खरिद, वितरण तथा रोपण, वाँस निगालो राईजोम लगायत डालेघाँस/घाँस, जडीवुटी तथा वहुउद्धेशीय विरुवा खरिद तथा वितरण आदि मुख्य कार्यक्रमको रुपमा संचालन हुनेछन् । यो कार्यक्रम संचालनका लागि नेपाल सरकारले सशर्त अनुदानको रुपमा प्रदेश सरकारलाई बजेट विनियोजन गरेको छ ।

### १.६.२. सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन तथा कार्ययोजना कार्यान्वयन प्रकृया

#### क. सामुदायिक वन क्षेत्र छनौट

उपलब्ध भए सम्म १०० हेक्टर वा सो भन्दा बढी क्षेत्रफलका सामुदायिक वनहरु वैज्ञानिक ब्यवस्थापनको लागि छनौट गर्न सकिन्छ । कुनै स्थानमा एक भन्दा वढी सामुदायिक वनहरुको क्षेत्रफललाई एउटै व्लकमा पनि वन ब्यवस्थापन कार्य योजना तयार गर्न सकिन्छ । यसको लागि समावेश हुने सामुदायिक वन उपभोक्ता समूहहरुको साधारण सभाबाट सहमति लिएर वन कार्य योजना परिमार्जन गरेर गर्नु पर्नेछ ।

#### ख. सामुदायिक वनमा बैज्ञानिक वन ब्यवस्थापन कार्ययोजना तयारी (परिमार्जन), स्विकृति तथा कार्यान्वयन

१) वैज्ञानिक वन ब्यवस्थापनको लागि छनौटमा परेका सामुदायिक वनका पदाधिकारी तथा उपभोक्ताहरुलाई तालिम दिन सकिने छ । यस्तो तालिम अधिकांश फिल्डमा गएर वन क्षेत्रमा नै संचालन गर्नु पर्नेछ ।

२. वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयारी कार्यमा प्राविधिक सहायता डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ । तर डिभिजन वन कार्यालय को जनशक्तिले नभ्याउने अवस्थामा परामर्श

सेवाबाट कार्ययोजनाहरु तयारी तथा परिमार्जन गर्न सकिनेछ । सेवा प्रदायकबाट कार्ययोजनाहरु तयार गर्दा वा परिमार्जन गर्दा निम्न प्रकृया पुरा गरी गर्नु पर्नेछ ।

क) संभाब्य सेवा प्रदायकहरुको सूचि डिभिजन वन कार्यालयले तयार गर्नेछ ।

ख) समूहले कार्ययोजना तयार गर्नको लागि डिभिजन वन कार्यालयमा सूचिकृत भएका सेवा प्रदायकबाट प्रस्ताव आव्हान गरी कम्तिमा डिभिजन वन कार्यालय, संवन्धित सबडिभिजन वन कार्यालय र समूहमा १५ दिने सूचना टाँस गर्नु पर्नेछ । प्रस्तावसँग वन कार्ययोजना तयार गर्ने कार्यमा संलग्न हुने वन प्राविधिकको बायोडाटा अनिवार्य रुपमा समावेश भएको हुन पर्ने छ र प्रस्तावमा बायोडाटा समावेश भएको प्राविधिकले नै काम गर्नु पर्ने छ । कार्ययोजना तयार गर्ने वा परिमार्जन गर्ने वन प्राविधक (टोली नेता) कम्तीमा वन विज्ञानमा स्नातक गरी संवन्धित बिषयमा ३ बर्षको अनुभव भएको हुनु पर्नेछ ।

ग) परेका प्रस्तावहरुको समूहले डिभिजन/सबडिभिजन वन कार्यालयका वन प्राविधिकको सहयोगमा प्राविधिक र आर्थिक पक्षको आधारमा मुल्याँकन गर्नु पर्नेछ । प्राविधिक पक्षको भार ८० प्रतिशत र आर्थिक पक्षको भार २० प्रतिशत राखी मुल्याँकन गर्दा सबै भन्दा बढी अंक प्राप्त गर्दछ सोही सेवा प्रदायकलाई छनौट गरी काम शुरु गर्न सहमतिको लागि डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ ।

घ) डिभिजन वन कार्यालयले कार्ययोजना तयारी वा परिमार्जन गर्ने कार्यको लागत अनुमान तयार गरी सो कार्य वापतको रकम सम्वन्धित समुहको वैकं खातामा जम्मा गर्न सक्नेछ । स्वीकृत लागत अनुसारका कार्यक्रम संचालन गर्न डिभिजन वन कार्यालयले उपलव्ध गराएको रकम अपुग भएमा वा समूह आफैले गर्न चाहेमा आफनो कोषको रकम समेत खर्च गरी कार्ययोजना तयारी तथा कार्यान्वयन गर्न सक्नेछ । समुहले माथि उल्लेखित प्रक्रिया पुरा गरी छनौट भएको सेवा प्रदायक संग लागत र समय तोकी सम्झौता गरी कार्ययोजना तयारी तथा कार्यान्वयनको काम संचालन गर्नु पर्नेछ । सँझौता बमोजिम समयमै काम सम्पन्न नगर्ने सेवा प्रदायकलाई सँवन्धित समूहको सिफारिसमा डिभिजन वन कार्यालयले कालोसूचिमा राख्ने लागायत कार्वाही गर्न सक्नेछ । सव डिभिजन वन कार्यालयले सो को अनुगमन तथा पृष्ठपोषण गर्नेछ ।

ङ) कार्ययोजना कार्यान्वयनको लागि स्विकृत कार्ययोजना बमोजिमका वन व्यवस्थापनका कृयाकलापहरु गर्न शुरुमा एक पटकको लागि मात्र समूहलाई अनुदान दिन सकिनेछ ।

च) कार्ययोजना स्विकृति

उपरोक्त अनुसार तयार भएको वा परिमार्जन भएको कार्ययोजना स्विकृति पूर्व रिभ्युको लागि डिभिजनल वन अधिकृतले ३ सदस्यीय टिम गठन गर्नु पर्नेछ, उक्त टिमले रिभ्यु समीक्षा, पुनरावलोकन गरी आवश्यक परे बिशेषज्ञको समेत सेवा लिई कार्ययोजनामा आवश्यक सुधार गरी

स्विकृतिको लागि सिफारिस गर्नु पर्नेछ । वैठक, खाजा, मसलन्द तथा विशेषज्ञको पारिश्रमिक आदि यस शिर्षकमा विनियोजित बजेटबाट खर्च गर्न सकिनेछ । विनियोजित बजेटको बढीमा ५ प्रतिशत रकम कार्यक्रम सचालनका लागि डिभिजन वन कार्यालयले व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**जनशक्ति व्यवस्थापन**

प्रदेशस्तरका डिभिजन तथा सबडिभिजन कार्यालयका कर्मचारीहरुद्वारा यो कार्य गर्नु पर्नेछ ।

**वजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- सामुदायिक वन ब्यवस्थापन कार्ययोजना तयारी (परिमार्जन), स्विकृति तथा कार्यान्वयन, दिगो व्यवस्थापन हुने ।

**१.७. अग्नी नियन्त्रण सम्बन्धि सामाग्री, उपकरण तथा सामान खरिद तथा वितरण**

वन डढेलो नियन्त्रणको लागि प्रयोग गर्नुपर्ने औजार तथा सामग्रीहरु विशेष किसिमको र अग्नि समन टोली (Fire fighting team) सदस्यहरुले लगाउने वा प्रयोग गर्ने सुरक्षा सामाग्री खरीद गर्नु पर्नेछ । सामग्रीहरु आगोले सजिलै नजल्ने किसिमको हुनु आवश्यक छ । यसको लागि उदाहरणको रूपमा तालिका १ बमोजिमका औजारहरु खरिद गर्न सकिनेछ ।

तालिका नं. १: डढेलो नियन्त्रणका सामग्रीहरु

| सि.नं. | सामानको नाम |
|---|---|
| १ | Swatter (स्वाटर) |
| २ | Jet Shooter (जेट सुटर) |
| ३ | Shovel (बेल्चा) |
| ४ | Rake (दाँती) |
| ५ | Rake-hoe (दाँती हलो) |
| ६ | Axe-hoe (बन्चरो) |
| ७ | First-aid Kit (प्राथमिक उपचार) |
| ८ | Jump-suit (जम्प शुट) |
| ९ | Gloves (बाक्लो पंजा) |
| १० | Helmet (हेल्मेट) |
| ११ | Boot (जुत्ता) |
| १२ | Torch (टर्च) |
| १३ | Socks (बाक्लो मोजा) |
| १४ | Water Bottle (पानीको बोत्तल) |
| १५ | Face Mask (अनुहार मास्क) |
| १६ | Water tank (पानी टैंक) |
| १७ | अन्य आवश्यक स्थानीय सामाग्री |

पुनश्चः यो बाहेक मोटर जाने स्थानमा मोटरमा पानी, पानीटंयाकी प्रयोग गर्नुपर्नेछ । पम्प र पाइपहरु पनि उपयोगमा ल्याउन सकिन्छ । तर यसको लागि स्रोतको उपलब्धता अनुसार डिभिजन वन कार्यालयले विशेष व्यवस्था गर्न सक्नेछ । सम्भव भएसम्म नेपाल गुणस्तर वा अन्तराष्ट्रिय गुणस्तरका सामग्रीहरु भरपर्दो संस्था वा विक्रेताबाट खरिद गर्नुपर्दछ, र सो सम्भव नभएमा स्थानीयस्तरमा उपलव्ध गुणस्तरीय सामानहरु खरिद गर्नुपर्दछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- डिभिजन वन कार्यालयहरुमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि आवश्यक औजारहरुको व्यवस्था भई डढेलो उचित व्यवस्थापन हुने ।

**१.८. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन**

सुख्खा याम अर्थात फाल्गुण-चैत्र देखिनै वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागी एवं डंढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ । कतिपय अवस्थामा मानिसको नियन्त्रण भन्दा वाहिर पनि वन डंढेलो प्रकोप देखापर्ने गरेको छ । वन डंढेलोको नियन्त्रण गर्न पंचवर्षीय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित Action plan हरु एक मुख्य एउटा आधार हुनेछ ।

आवश्यकतानुसार नजीकका समूहलाई संस्थागत रुपमा जोडी अग्नि नियन्त्रण सञ्जालको रुपमा रुपान्तरण गर्नु पर्दछ । यस शीर्षकमा व्यवस्था भएको रकम नियन्त्रित डढेलो लगाउने, संजाल परिचालन, वनभूमिमा भएको प्रज्वलनशील सुक्खा पदार्थ व्यवस्थापन आदि कामहरुमा खर्च गर्न सकिनेछ । अग्निरेखा निर्माण तथा मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, अग्नि नियन्त्रण सञ्जाल, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी आदि खर्च), डढ्लो सूचना खरिद, प्राथमिक उपचार, दमकल परिचालन आदि कार्यक्रमहरुमा पनि खर्च गर्न सकिनेछ । वन डढेलो सम्वन्धी सूचना प्रशारण तथा उपकरण खरिदमा समेत यो रकम खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपश्चात प्रगति प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत स्थानिय तह, वन उपभोक्ता समूहहरु, सेना, प्रहरी समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- डिभिजन वन कार्यालयहरुले वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना तयार भई कार्यान्वयन हुने ।

## १.९. फलफुल विरुवा उत्पादन (वृक्षारोपण वर्ष)

नेपाल सरकारले चालु आ.व. लाई वृक्षारोपण वर्ष घोषणा गरि सोही अनुरुपका कार्यक्रम तय गरेको छ । चालु आ.व. को नीति तथा कार्यक्रमको बुँदा नं. १३३ र बजेट बक्तव्यको बुँदा नं. ११८ अनुसार सरकारी नर्सरीमा ३० प्रतिशत विरूवा उत्पादनको प्रावधान गरेको छ । सोही अनुसार बनमा उपलब्ध हुने वा वनमा वृक्षारोपण गर्न सकिने लप्सी, रिठा, अमला, हर्रो, बर्रो, आँप, अम्बा जस्ता बनजन्य फलफुलका विरुवा उत्पादन गर्नु पर्ने छ । उत्पादन संभव नभएमा प्रचलित नियम अनुसार खरिद गरि वितरण समेत गर्न सक्नेछन् ।

### जनशक्ति व्यवस्थापन

डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत स्थानिय तह, वन उपभोक्ता समूहहरु समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

### अपेक्षित उपलब्धि

- डिभिजन वन कार्यालयको नर्सरीमा कम्तीमा ३० प्रतिशत फलफुलको विरुवा उत्पादन भएको हुने ।

## १.१०. अन्य विरुवा उत्पादन (वृक्षारोपण वर्ष)

जिल्लामा खाली रहेको वनक्षेत्रमा वृक्षारोपण गर्न, समुदायको जग्गामा बिरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न डिभिजन वन कार्यालय वा मातहतका सब डिभिजन वन कार्यालय मार्फत विरुवा उत्पादन कार्ययोजना वनाई यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । विज्ञहरु समेत सम्मिलित टोलीको राय लिएर डिभिजनल वन अधिकृतले कर्मचारीहरुको बैठकबाट स्थानीय आवश्यकता, उपभोक्ताहरुको रुचि, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य बहुउपयोगी प्रजाति छनौट गर्न सक्नेछ । कार्यालय आफैले नर्सरी संचालन गर्दा वीउ स्रोत, समयतालिका आदि समेत खुल्ने गरी डिभिजनल वन अधिकृतबाट प्रमाणित गरिएको वन नर्सरी रेजिष्टर राख्नु पर्नेछ । उक्त वन नर्सरीमा विरुवा वितरणको विवरण अनिवार्यरुपमा राख्नु पर्दछ ।

यसमा विभिन्न साइजका पोलिपटमा विभिन्न साइजका विरुवाहरु उत्पादन गर्न सकिनेछ । यो कार्यक्रम सुविधायुक्त नीजि वन नर्सरीहरुबाट समेत संचालन गर्न सकिनेछ । बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।

- जिल्लामा कुन कुन प्रजातिका बिरुवाहरुको माग छ सो को प्राथमिक सर्भेक्षण गरी माग बमोजिम र वृक्षारोपण गरिने क्षेत्रको लागि चाहिने बिरुवा संख्या र प्रजाति एकीन गर्नुपर्नेछ साथै सोही अनुसार बिरुवा उत्पादनको लागि कार्ययोजना (समय तालिका) तयार गर्नुपर्नेछ ।

- कार्यादेशमा कुन कुन प्रजातिका बिरुवा उत्पादन गर्नुपर्नेछ हो स्पष्ट रुपमा खुलाउनुपर्नेछ ।
- गुणस्तरयुक्त तथा स्थानियस्तरमा सफल भएका रुखविरुवाका बीउलाई मात्र छनोट गर्नुपर्नेछ । उपलब्ध भएसम्म विभागबाट प्रमाणित गरिएको बीऊ खरिद वा संकलन गर्नुपर्नेछ ।
- यसरी उत्पादन हुने बिरुवा समुदायमा आधारित वन, सरकारद्धारा व्यवस्थित वन, सार्वजनिक तथा सरकारी जग्गामा वृक्षारोपण, वातावरण दिवस, वन महोत्सव जस्ता कार्यक्रम तथा सर्वसाधारणहरुलाई निजी वृक्षारोपणका लागि वितरण गरिनेछ ।
- बिरुवा उत्पादन तथा वितरणको लागि सर्भे, स्थलगत निरीक्षण, कार्ययोजना तयारी तथा रिपोर्टिङ लगायतका काममा आवश्यक पर्ने ईन्धन, खाजा खर्च र मसलन्द आदिमा यो शीर्षकबाट खर्च गर्न सकिनेछ । सो को लागि पहिला नै लगत इस्टिमेटमा खुलाउनुपर्नेछ ।
- बिरुवा उत्पादन भई वितरण गर्दा वितरण लगत राखिनुपर्नेछ । बिरुवा वितरण गरिएको बिस्तृत विवरण अद्यावधिक गरेर राख्नुपर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।
  - ✓ उत्पादित विरुवाहरुको जात र संख्या
  - ✓ वितरणको लगत: सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वन तथा आवादी जग्गामा, सार्वजनिक पर्ति जग्गामा रोपण गर्न
  - ✓ विभिन्न क्रियाकलापहरुको फोटोहरू

**जनशक्ति व्यवस्थापन**

विरुवा उत्पादन (विभिन्न प्रकारका रुख, काष्ठ तथा बहुउपयोगी प्रजाति) कार्यक्रम संचालनको लागि सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक मार्फत कार्यान्वयन गरिने छ ।

**वजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

लक्षित कार्यक्रम अनुसारको विरूवा उत्पादन भई वितरण हुनेछन् ।

**१.११. पश्चिम पहाड भूपरिधि नमूना कार्यक्रम**

नेपालको पश्चिम पहाडी क्षेत्रका दुर्गम तथा पिछडिएको क्षेत्रहरु विशेष गरी रोल्पा, सल्यान, जाजरकोट, रुकुम, अछाम, दैलेख, जुम्ला, हुम्ला, कालिकोट, डोल्पा, मुगु लगायतका जिल्लाहरु समेतमा भू-परिधि स्तरमा जैविक विविधताको संरक्षण र व्यवस्थापनको साथै आय आर्जनका क्रियाकलापहरुलाई हरित रोजगारीको रुपमा प्रवर्धन गर्न आवश्यक भएकोले निम्नानुसारको कार्यहरु संचालन गर्न यसमा विनियोजित रकम खर्च गरिने छ । साथै वन तथा भू-संरक्षण विभागवाट सम्पन्न गरिएको पश्चिम पहाड भू-परिधि स्तरीय कार्यक्रमको संभाब्यता अध्ययनले सुझाएका कार्यहरु संचालन गर्न सकिनेछ ।

क) जैविक विविधता संरक्षण एवं पर्यापर्यटन प्रवर्धन ।

ख) कृषि वन प्रवर्धन तथा वागवानी विकास ।

ग) वन संरक्षण तथा वन व्यवस्थापन ।

घ) आय आर्जन, वित्तिय व्यवस्थापन तथा उद्यम विकास ।

ङ) भूपरिधि स्तरको कार्ययोजना तयार

च) व्यवस्थापन तथा समन्वय

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, समूह/समिति, स्थानिय तह लगाएत अन्य सरोकारवालाहरुसँगको समन्वयमा तथा सेवाप्रदायकवाट समेत कार्य संचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- १५ डिभिजन वन कार्यालयको क्षेत्रमा कार्य संचालन भई जैविक विविधता संरक्षण तथा पर्यापर्यटनको पूर्वाधारमा विकास भई स्थानिय रोजगारीमा बृद्धि हुने ।

**२. जडीवुटी विकास कार्यक्रम**

महत्वपूर्ण जडीबुटी स्रोतहरुको दीगो संरक्षण र विकासका लागि परम्परादेखि यसको संकलनवाट जीविकोपार्जन गर्दै आएका विपन्न तथा पिछडिएका वर्गलाई खेती विस्तार र उद्यम विकासमा सहभागी गराई आयआर्जनका अवसरवाट गरीबी न्यूनीकरण र समतामूलक विकासमा समेत सघाउ पुर्याउने सोचका साथ जडीवुटी विकास कार्यक्रम आ.व. २०६६/६७ देखि सञ्चालनमा रहेको छ । हाल ५६ वटा जिल्लाहरुमा यो कार्यक्रम संचालनमा छ । यो कार्यक्रम विशेष रुपमा जडीवुटीको बाहुल्यता रहेको मध्य तथा सुदूर पश्चिमका पहाडी तथा हिमाली जिल्लाहरुमा केन्द्रीत रहेको छ र सामान्य रुपमा जडीबुटी पाइने अन्य जिल्लामा समेत सञ्चालित छ ।

**२.१. फोकल टिम बैठक**

वन तथा वातावरण मन्त्रालयबाट २०६९ सालमा तयार भएको कार्यबिधि अनुसार जिल्लास्तरमा गठन भएको फोकल टिमको बैठक आवश्यकता अनुसार बस्नु पर्नेछ र सो बैठक संचालन तथा व्यवस्थापनमा यो शीर्षकको रकम खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रमका लागि देशै भरका डिभीजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालय का कर्मचारीहरु परिचालित हुनेछन् । वन तथा भू सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- डिभिजन बन कार्यालयमा आवश्कता अनुसार फोकल टिमको बैठक भएको हुने ।

**२.२. जडीबुटी उत्पादन, खेती विस्तार, भण्डारण**

निजी हकभोकको जग्गामा व्यवसायिक जडीबुटी उत्पादन तथा खेती विस्तार सम्बन्धी प्रावधानमा भएको व्यवस्था अनुसार गर्नु पर्नेछ । भण्डारण क्षेत्र निर्माणको हकमा समेत सम्बन्धित प्रावधानमा भएको व्यवस्था अनुसार गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रमका लागि देशै भरका डिभीजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालय का कर्मचारीहरु परिचालित हुनेछन् । वन तथा भू सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- विभिन्न क्षेत्रको जग्गामा जडिबुटी खेती विस्तार र भण्डारण केन्द्र स्थापना भएको हुने ।

**२.३. सहकारी मार्फत जडीबुटीका उत्पादन खेती विस्तार, भण्डारण, प्रशोधन र बजारीकरण**

यस कार्यक्रमका लागि छुट्याईएको रकमका डिभिजनको कार्यक्षेत्रको फोकल टिम र सहकारीसँग सहकार्य गरी हावापानी र भौगोलिक अवस्था सुहाउँदो जडीबुटी प्रजातिहरु उत्पादन गर्ने, खेती विस्तार गर्ने र संकलन हुने जडीबुटीको भण्डारण, प्रशोधन र वजारीकरण गर्नमा सहयोगी हुने खालका पुर्वाधारहरुको निर्माण तथा व्यवस्थापनमा यस शीर्षकको रकम खर्च गर्न सकिनेछ । सहकारीसँग सहकार्य गरी जडीबुटी भण्डारण स्थल तथा प्रशोधन केन्द्र स्थापनाका लागि हकमा सम्बन्धीत प्रावधानमा भएको व्यवस्था अनुसार गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रमका लागि देशै भरका डिभीजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालयका कर्मचारीहरु परिचालित हुनेछन् । मन्त्रालय, वन तथा भू सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा प्रदेश वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- विभिन्न स्थानमा जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना भइ आवश्क क्षेत्रफलमा जग्गामा जडिबुटी खेती विस्तार र भएको हुने ।

### २.४. जडीबुटी विरुवा उत्पादन हजारमा

वनक्षेत्रलाई जैविक विविधतायुक्त बनाउन, बैकल्पिक आयस्रोतको रुपमा विकास गर्न जडीबुटी तथा गैरकाष्ठ प्रजातिका बिरुवा उत्पादन गरी वृक्षारोपण गर्न अभिप्रेरित गर्नुपर्नेछ र जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको आपूर्ति र उत्पादनमा अभिबृद्धि भई आयआर्जन तथा जीविकोपार्जनमा सुधार पुर्याउने उद्देश्यबाट यो क्रियाकलाप संचालन गरिनेछ । बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, निजी वन, कवुलियती वन, संरक्षित वन, साझेदारी वन आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।

जडीबुटी तथा गैरकाष्ठ प्रजाति उत्पादन गर्दा उच्च मूल्य, बजारमा माग भएको र स्थानीय किसानको रुचि अनुसारको प्रजातिहरुको सर्भेक्षण गरी सो को सूची बनाई उत्पादन गर्नुपर्नेछ । नर्सरीमा बिरुवा उत्पादन गर्दा स्थानीय आवश्यकता अनुसार तथा व्यवसायिक महत्वपूर्ण जडीबुटी प्रजाति, सुगन्धित घाँस तथा बाँस कलमी बिरुवा उत्पादन गर्नुपर्छ ।

जडीबुटी विकास कार्यक्रमको हकमा फोकल टीमले छनौट गरेको जडीवुटी प्रजातिको बिरुवा उत्पादन गर्नुपर्नेछ । जडीबुटीको खेतीको लागि बिशेष क्षेत्र छनौट गरी उक्त क्षेत्रमा वृक्षारोपणको लागि बहुमूल्य र ठाउँ बिशेष जडीबुटी जस्तै टिमुर, जैतुन, तेजपात, अमला, घिऊकुमारी आदि जातका बिरुवा उत्पादनमा जोड दिनुपर्नेछ, साथै यसप्रकारका बिरुवाहरु उत्पादन गर्नुपर्नेछ सम्भावना नदेखिएमा रुख प्रजातिका गैरकाष्ठ वन पैदावार जस्तैः लप्सी, ओखर, लौठसल्ला आदि जस्ता बिरुवाहरु अन्यत्र नर्सरीबाट खरिद गर्नुपर्नेछ । जडीबुटी प्रजाति उत्पादन गर्दा बिशेष किसिमको तालिमको आवश्यकता पर्ने भएमा सो को समेत व्यवस्था मिलाउनुपर्नेछ ।

नेपाल राजपत्र खण्ड ६४, संख्या ११, भाग ५ मिति २०७१/०३/३० मा प्रकाशित सूचनामा उल्लेखित प्रजातिहरु उत्पादन गरी गरिबी न्यूनीकरण, सामुदायिक वन उपभोक्ता समूहलाई निशुल्क र अन्यको हकमा वितरण गर्नुपरेमा उक्त राजपत्र बमोजिमको मूल्य लिई मात्र वितरण गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

जडिबुटि विरुवा उत्पादनका लागि देशै भरका डिभीजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालय का कर्मचारीहरु परिचालित हुनेछन् । वन तथा भू सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- विभिन्न प्रकारका जडिबुटी विरुवाको उत्पादन तथा वितरण भएको हुने ।

## २.५. नर्सरी मर्मत

डिभिजन वन कार्यालयहरु तथा मातहत कार्यालयमा विगतका आ.व. देखि नै संचालनमा रहेका नर्सरीमा हुने सामान्य मर्मत तथा त्यस नर्सरीको क्षमता अभिवृद्धि गर्न गर्नु पर्ने कार्य संचालन गर्न यो क्रियाकलाप संचालन गरीने छ । खर्च अनुमान गर्दा वन तथा भु–संरक्षण मंत्रालयको प्रचलित स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम गर्नुपर्नेछ । कार्य तालिका तयार गरी समयमै बजेट तथा अख्तियारी प्राप्त भएको अवस्थामा प्रथम चौमासिकको अवधिमा नर्सरी निर्माणको कार्यहरु गर्नु पर्नेछ । अस्थायी नर्सरी संचालन भएकोमा सो को स्तरोन्नति गरी स्थायी गर्नुपर्नेछ ।

नर्सरीमा सिचाँईको स्थायी व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारवार वा पर्खाल, ओभरहेड वाटर टैंक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा पाईप जडान गरी स्पिरिङकल सिचाईको व्यवस्था, वत्तीको, प्रजातीको नाम प्लेट बोर्ड आदि व्यवस्था भएको हुनुपर्नेछ । नर्सरी मर्मत तथा सुधार गर्दा गरिएका क्रियाकलापहरुको स्पष्ट देखिने गरी रजिष्टरको व्यवस्था गरिनुपर्दछ । नर्सरी राखिएको स्थानमा स्पष्ट देखिनेगरि नामाकरण गरी देखिने गरी होर्ड़ीड. बोर्ड राख्ने । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ ।

- नर्सरी मर्मत गरिएको स्थान, फोटो तथा नक्शाहरु बिथयगत समेत
- नर्सरीको पहिलेको क्षमता र अभिबृद्धि गरिएको भए हालको क्षमता
- मर्मत गर्दा लागेको खर्च

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रमका लागि देशै भरका डिभीजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालय का कर्मचारीहरु परिचालित हुनेछन् । वन तथा भू सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- नर्सरीको मर्मत संभार भएको हुने ।

## २.६. जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना

यस शीर्षकमा विनियोजित रकम विरुवा उत्पादनको हकमा बुँदा नं. २.४. र भण्डारण र प्रशोधन केन्द्र स्थापनाको हकमा बुंदा नं. २.२. मा भएको व्यवस्था अनुसार गर्नु पर्नेछ ।

### २.६.१. जडीबुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापनाका लागि अवलम्वन गर्नुपर्ने प्रावधानहरु

- डिभिजन वन कार्यालयले पत्रिका, सार्वजनिक जनसम्पर्कका कार्यालयहरु र पकेट क्षेत्रका स्थानीय तहमा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ ।

- इच्छुक व्यवसायी, उद्यमी, सहकारी, सामुदायिक तथा कवुलियती वन समूह, वा जडीबुटी तथा गैरकाष्ठ व्यवसायमा संलग्न किसानले प्रकाशित सूचना वमोजिम व्यावसायिक योजना सहित, प्लाण्ट स्थापना गर्ने क्षेत्रको चारकिल्ला सहित प्राविधिक तथा आर्थिक प्रस्ताव डिभिजन वन कार्यालयमा दिइएको म्याद भित्र पेश गर्नुपर्नेछ ।
- प्राप्त व्यवसायिक योजना सहितको प्रस्तावहरुको नियमानुसार मूल्याङ्कन गरी उपयुक्त प्रस्तावको छनौट गर्नुपर्नेछ । प्रस्तावहरुको मूल्याङ्कन गर्दा कच्चा पदार्थ उपलब्धताको सुनिश्चितता, जडीबुटीको पकेट क्षेत्रमा उत्पादित पैदावारको प्रशोधन, लाभप्रद व्यावसायिक योजना, प्रस्तावकले कुल लगानी, वातावरणीय प्रभाव, जनसहभागिता, स्थानीय रोजगारीको शुनिश्चितता, मूल्य अभिवृद्धि क्षमता, प्रस्तावकको लगानीको प्रतिशत र शुनिश्चितता, कार्यक्रमको नवीनता तथा श्रृजनशिलता आदिको आधारमा मूल्याँकन गर्नुपर्दछ ।
- आवश्यकता अनुसार विज्ञहरु र प्राविधिक समिति गठन गरी डिभिजनल वन अधिकृतले प्रस्तावनाको मूल्याँकन गराउन सक्नेछ ।
- प्रस्तावकले कुल लगानीको न्यूनतम २० प्रतिशत वा सो भन्दा बढी लगानी गर्नुपर्नेछ ।
- कार्य संचालन गर्न प्रथम किस्तामा ४० प्रतिशत, दोस्रो किस्तामा ३० प्रतिशत र अन्तिम प्रतिवेदन प्राप्त भएपश्चात बाँकि ३० प्रतिशत रकम अनुदान स्वरुप भुक्तानी गर्नुपर्नेछ ।
- कार्य सम्पन्न भएपछि प्रगतिमा निम्न कुराहरु समावेश गरिनुपर्नेछ,
  - ✓ उद्यम संचालन गर्ने समूह, व्याक्ति, सहकारीको नाम,
  - ✓ स्थापना गरिएको प्लाण्टको फोटो,
  - ✓ उत्पादित सामाग्रीको नमुना,
  - ✓ लागत रकम,
  - ✓ रोजगारी सिर्जना (श्रमदिन),
  - ✓ प्लाण्टको अवस्थिति, जग्गाको कि.नं., जि.पि.एस. लोकेशन ।

अनुदान प्राप्त व्यक्ति, संस्था, नीजि कम्पनी र सहकारी छनौट भई नगद अनुदान प्राप्त गरी लगेकोमा सम्झौता बमोजिम कार्य तोकिएको समय भित्र सम्पन्न नभएमा त्यस्तो रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रमका लागि देशै भरका डिभिजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालयका कर्मचारीहरु परिचालित हुनेछन् । वन तथा भू सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- देशभर जडिबुटी विरुवा उत्पादन, जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना भएको हुने ।

**२.७. पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार**

- फोकल टिमले तोकिएको प्रजातिको पकेट क्षेत्र पहिचान गर्नुपर्नेछ ।
- छानिएका पकेटक्षेत्रमा खेती विस्तार गर्नका लागि पत्रिका, सार्वजनिक जनसम्पर्कका कार्यालय र पकेट क्षेत्रका स्थानीय मा १५ देखि ३० दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ ।
- इच्छुक उद्यमी, सामुदायिक तथा कवुलियती वन समूह, वा किसानले प्रकाशित सूचना वमोजिम डिभिजन वन कार्यालय मा प्रस्ताव पेश गर्नुपर्नेछ ।
- प्रस्ताव छनौटको मापदण्ड तयार गरी फोकल टिमले बढिमा १० वटा सम्म उत्कृष्ठ प्रस्ताव छनौट गरी डिभिजन वन कार्यालय लाई सिफारिस गर्नुपर्नेछ । मापदण्ड तयार गर्दा व्यावसायिक उत्पादन गर्न सक्ने क्षमता, बजारको पहुँच, प्रस्तावकको लगानी प्रतिशत, वैदेशिक रोजगारीबाट फर्किएका युवा र अनुभव लगायतका विषयलाई ध्यान दिने ।
- फोकल टिमको सिफारिसको आधारमा डिभिजन वन कार्यालयले खेति विस्तारका लागि सम्झौता गर्नुपर्नेछ ।
- कार्य संचालन गर्न प्रथम किस्तामा ४० प्रतिशत, दोस्रो किस्तामा ३० प्रतिशत र अन्तिम प्रतिवेदन प्राप्त भएपश्चात बाँकि ३० प्रतिशत रकम अनुदान स्वरुप भुक्तानी गर्नुपर्नेछ ।
- कार्य सम्पन्न भएपछि कार्यस्थलको फोटो (जग्गाधनी वा सामुदायिक वन उपभोक्ता समूहको हकमा उपभोक्ता समेतको) पश्चात कार्यस्थलको अवस्थिति (जि.पि.एस) सुचक सहितका अन्य उपलब्धि/प्रभावकारिता सहितको आर्थिक र प्राविधिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।
- प्राविधिक प्रगति प्रतिवेदनमा समावेश हुनपर्ने कुराहरु,
  - ✓ जग्गाको कित्ता नं., फिल्डबुक, नक्सा, क्षेत्रफल, GPS Waypoints
  - ✓ वृक्षारोपण गरिएका विरुवा संख्या र प्रजाति

अनुगमन, निरीक्षण प्रतिवेदनमा फोकल टिमका कम्तीमा २ जना सदस्यको हस्ताक्षर अनिवार्य रुपमा हुनुपर्नेछ । यसरी वृक्षारोपण गरिएको ठाऊँमा यी विवरणहरु सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रमका लागि देशै भरका डिभीजन वन कार्यालय तथा सव डिभीजन वन कार्यालय का कर्मचारीहरु परिचालित हुनेछन् । वन तथा भू सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

* देशको विभिन्न क्षेत्रमा जडिबुटीको खेति विस्तार भएको हुने ।

### ३. जलाधार व्यवस्थापन कार्यक्रम

#### ३.१. पानी श्रोत व्यवस्थापन तथा बहुउपयोग ताल, रनअफ हार्भेष्टिङ ड्याम निर्माण

यो कार्यक्रम भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरु वा डिभिजन वन कार्यालयहरुले पायक पर्ने भू-तथा जलाधार व्यवस्थापन कार्यालय सँग समन्वय गरी तोकिएको स्थान वा यस किसिमको कार्यक्रम संचालन गर्न उपयुक्त स्थान पहिचान गरी स्थानीय समुदायको सहभागितामा स्वीकृत लागत अनुमान अनुसार कार्यक्रम संचालन गरिने छ । यसको लागि साविक भू-तथा जलाधाधर संरक्षण विभागले तयार गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि र सन्दर्भ समाग्रीहरुको प्रयोग गरी प्राविधिक हिसावले सवल हुनेगरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ । यो कार्यक्रम कार्यान्वयन गर्दा पहाडी भिरालो क्षेत्र तथा चुरे क्षेत्रलाई प्राथमिकता दिएर कार्यान्वयन गर्नुपर्ने छ । कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरु, विल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, समूह/समिति, स्थानिय तह लगाएत अन्य सरोकारवालाहरुसँगको समन्वयमा तथा सेवाप्रदायकवाट समेत कार्य संचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ । सेवाप्रदायकबाट काम गर्दा सोही अनुसारको प्रचलित कार्यविधि अपनाइ वय्वस्थापन डिभिजन वन कार्यालयले कार्य संचालन गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धि**

* पानी श्रोतको रिचार्ज, गुणस्तर र मात्रा बृद्धि भएको हुने र बाढी पहिरोको जोखिम कम भएको हुने ।

#### ३.२. गल्छि पहिरो नियन्त्रण फलफुल सहितको बायोइन्जिनियरिङ

यो कार्यक्रम भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरु वा डिभिजन वन कार्यालयहरुले पायक पर्ने भू-तथा जलाधार व्यवस्थापन कार्यालय सँग समन्वय गरी तोकिएको स्थान वा यस किसिमको जोखिमपूर्ण स्थान पहिचान गरी कार्यक्रम संचालन (जोखिम आँकलन, नक्सा तयारी, ल.ई. तयार, कार्यान्वयन आदि) गर्न सक्ने छ । यसको लागि साविक भू-तथा जलाधाधर संरक्षण विभागले तयार गरेको कार्यक्रम कार्यान्वयन कार्यविधी र भू-क्षय एवं पहिरो नियन्त्रण सम्बन्धी गाईड लाईन वा सन्दर्भ समाग्रीहरुको प्रयोग गरी प्राविधिक हिसावले सवल हुनेगरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने छ । कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरु, विल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ । यो कार्यक्रम संचालन गर्दा साविको भू संरक्षण विभागबाट प्रकाशित पहिरो व्यवस्थापन सम्बन्धी guidelines लाई समेत

ध्यानमा राखी गल्छि पहिरो नियन्त्रण तथा फलफूल सहितको वायोइन्जिनियरिङको कृयाकलाप संचालन गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, समूह/समिति, स्थानिय तह लगाएत अन्य सरोकारवालाहरुसँगको समन्वयमा तथा सेवाप्रदायकवाट समेत कार्य संचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ । सेवाप्रदायकबाट काम गर्दा सोही अनुसारको प्रचलित कार्यविधि अपनाइ वय्वस्थापन डिभिजन वन कार्यालयले कार्य संचालन गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धि**

- बहुफाइदामुलक तवरले गल्छी पहिरो नियनन्त्रण भएको हुने ।

## ४. वातावरण विभाग

### ४.१. शहरी हरित पार्क स्थापना

नेपाल स्वच्छ वातावरण महाअभियान, २०७५ कार्यक्रम अन्तर्गत आ.व. २०७६/७७ मा देशका बिभिन्न स्थानमा वृक्षारोपण गरी ति स्थानहरुको व्यवस्थापन, संरक्षण तथा सम्बर्द्धन गर्दै हरियाली प्रवर्द्धन गर्ने लक्ष्य लिइएको छ । वृक्षरोपणले विभिन्न क्षेत्रमा हरियाली वृद्धी गर्ने, प्रदुषण कम गर्न सहयोगी भुमिका खेल्ने, खुला स्थानको उपलब्धता सुनिस्चित गराउने तथा जैविक विविधताको संरक्षण हुने लगायतका फाइदा पुर्याउने साथै दैनिक जिवनमा **Recreational space** तथा विपद्को समयमा समेत यस्ता स्थानहरु पिडितको उद्दार तथा राहत वितरणमा समेत उपयोग गर्न सकिन्छ । हरित अर्थतन्त्र निर्माणमा हरित उद्यान **(Green City Park)** को निर्माण, व्यवस्थापन तथा संरक्षणले ठूलो भूमिका खेल्ने देखिन्छ । शहरी हरित उद्यानले शहरी क्षेत्रमा हरियाली वृद्धी गर्ने, प्रदुषण कम गर्न सहयोगी भुमिका खेल्ने, शहरबासीहरुलाई खुला स्थानको उपलब्धता गराउने लगायतका फाइदा पुर्याउनुका साथै बिपद्को समयमा समेत यस्ता स्थानहरु पिडितको उद्दार तथा राहत वितरणमा समेत उपयोग गर्न सकिन्छ । शहरी क्षेत्रभित्रका सडक किनारा तथा लोकमार्ग, नदी किनारा तथा धार्मिक स्थलहरुमा वृक्षारोपण, सम्वर्द्धन र व्यवस्थापनका सथै शहरी तथा अन्य आवश्यक स्थानमा उद्यान विकास तथा व्यवस्थापन गरी हरियाली प्रवर्द्धन, सौन्दर्यीकरण तथा प्रदूषण न्यूनीकरणको कार्यलाई प्रभावकारी बनाउन आवश्यक देखिएकोले यो कार्यक्रम तर्जुमा गरिएको हो । साझेदारीयुक्त प्रस्तावलाई प्राथमिकताका साथ संचालन गरिनेछ । स्थानिय निकायहरुले समेत यसमा साझेदार वा प्रस्तावको रुपमा कार्य गर्न सक्नेछन् । यसको लागि देहायको व्यहोरा खुलाइ प्रस्ताव पेश गर्नु पर्नेछ ।

सहयोग प्राप्त गर्न चाहने स्थानीय तहले पेश गर्नुपर्ने अवधारणा पत्र (बढीमा ५ पृष्ठको)

(क) कार्यक्रमको नामः

(ख) प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरणः

(ग) उद्देश्यः

(घ) लक्षित समुदायः

(ङ) क्रियाकलापः

(च) कार्यक्रम अवधिः

(छ) वातावरण संरक्षणमा यसले पार्ने प्रभावः

(ज) अनुमानित कूल लागतः

(१) स्थानीय तहको हिस्साः

(२) अन्य साझेदारको हिस्साः

(३) यस कार्यक्रमबाट प्रदान गर्ने सहयोगको हिस्सा (माग)

**माथी उल्लेखित विवरणको साथ देहायका विवरण समेत समावेश गरेको हुनुपर्नेछः-**

१. उद्यान निर्माणका लागि देहायका कार्यहरु समेट्न सकिनेछः-

I. Civil works
II. Sanitary works
III. Electrical works
IV. Plantation works
V. Landscaping works
VI. Awareness works

Drawing, Design, Specification, Rate analysis and Estimate of above works are compulsory.

1. Civil work
   a. Site Clearance
   b. Earthworks
   c. Soling works
   d. Concrete works
   e. Brick works
   f. Stone works
   g. Iron works
   h. Flooring works
   i. Roofing works
   j. Doors and Windows works
   k. Plaster works
   l. Painting works
   m. Dismantling works
   n. Aluminum and Prefab works
   o. Other necessary Civil work
2. Sanitary Works
   a. Drainage works
   b. Water supply works
   c. Toilet and Bathroom works

   d. Water Tank (Underground, Elevated etc.)
   e. Septic Tank and Soak pit
   f. Pipes and Fitting Works
   g. Other necessary works
3. Electricity Works
   a. Wiring, Lighting, Electric poles, Lamp post, MCB, DB Board, Networking, Telephone and others necessary electrical items.
4. Landscaping Works
   a. Aesthetic works to make park more attractive and harmonious with the environment.
5. Plantation Works
   a. Dubos plantation
   b. Turfing
   c. Flower plantation
   d. Bushes and Shrubs plantation
   e. Trees plantation
6. Awareness Works
   a. Hoarding Boards
   b. Digital Display
   c. Dustbin
   d. Other Information Boards

***नोटः Only necessary works need to be included as per the condition of sites and location.***

२. वृक्षारोपण, हरियाली प्रवर्द्धन र सौन्दर्यीकरणका लागि देहायका कार्यहरु समेट्न सकिनेछः-

(क) यस कार्यका लागि माथि उद्यान निर्माणका लागि उल्लेख भएका कार्यहरु मध्ये आवश्यक कार्यहरु र त्यसको Drawing, Design, Specification, Rate analysis र Estimate अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(ख) सडक, नदी किनारा जस्ता Linear रुपमा गरिने वृक्षारोपणका लागि right of way स्पष्ट हुनुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम गरिने वृक्षारोपणको लागत अनुमान तयार गर्दा Tree Guard को Drawing, Design, Specification, Rate analysis र Estimate समेत समावेश गरेको हुनुपर्नेछ ।

कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरु, विल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ । यो कार्यक्रम संचालन गर्दा इन्जिनियरिङ संरचना भन्दा हरित संरचनालाई प्राथमिकता दिई कृयाकलाप संचालन गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

प्रदेश मन्त्रालय, प्रदेश बन निर्देशनालय वा डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, समूह/समिति, स्थानिय तह लगाएत अन्य सरोकारवालाहरुसँगको समन्वयमा तथा सेवाप्रदायकवाट समेत कार्य संचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ । सेवाप्रदायकबाट काम गर्दा विनियोजित बजेटको बढीमा ५ प्रतिशत रकम कार्यक्रम सचालनका लागि कार्यसंचालन कार्यालयले व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धि**

- साना, मझौला तथा ठुला शहरमा कम्तिमा १ शहरी पार्क स्थापना भएको हुने ।

**४.२. विश्व वातावरण दिवश मनाउने**

यो कार्यक्रम प्रदेश मन्त्रालय, प्रदेश बन निर्देशनालय वा डिभिजन वन कार्यालयहरुले इस्वि संवत् अनुसार जुन ५ को अवसरमा वातावरणको संरक्षण सम्बन्धि विभिन्न चेतनामुलक कार्यक्रमहरू संचालन गर्न सक्नेछन् । विनियोजित बजेट प्रचारप्रसार, जलपान, अन्तरक्रिया, प्रवचन कार्यमा चियाखाजा, र्‍याली आदिमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरु, विल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

प्रदेश मन्त्रालय, प्रदेश बन निर्देशनालय, डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, समूह/समिति, स्थानिय तह लगाएत अन्य सरोकारवालाहरुसँगको समन्वयमा संचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- वातावरण सम्वन्धि जनचेतना अभिवृद्धि भएको हुने ।

**४.३. सार्वजनिक स्थल, गाउँ, नगर सरसफाइ कार्यक्रम**

यो कार्यक्रम प्रदेश मन्त्रालय, प्रदेश बन निर्देशनालय वा डिभिजन वन कार्यालयहरुले कार्यलय परिसर सहित अन्य सार्वजनिक स्थल, कुनै गाउँ वा नगर वा टोलको सरसफाइ तथा वातावरण संरक्षण सम्बन्धि सांकेतिक तथा विभिन्न चेतनामुलक कार्यक्रमहरू संचालन गर्न सक्नेछन् । विनियोजित बजेट प्रचारप्रसार, जलपान, अन्तरक्रिया, प्रवचन कार्यमा चियाखाजा, सरसफाइ सामग्री खरिद, फोहर संकलन गर्ने टोकरी।विन।होडिङ.वोड, र्‍याली आदिमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरु, विल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

प्रदेश मन्त्रालय, प्रदेश बन निर्देशनालय वा डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, समूह/समिति, स्थानिय तह लगाएत अन्य सरोकारवालाहरुसँगको समन्वयमा कार्य संचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- सार्वजनिक स्थल, गाउँ, टोल, नगर सफा र स्वच्छ भएको हुने ।

**४.४. विधुतीय सवारी साधन प्रवर्द्धन कार्यमा सहयोग**

यो कार्यक्रम संचालन गर्दा विधुतीय सवारी साधनको प्रयोग बढाउन सहयोगी कार्यक्रम संचालनमा खर्च गर्न सकिनेछ । त्यसको लागी विधुतीय सवारी साधन चार्जिङ स्टेसन स्थापना वा संचालनमा सहयोग, विधुतीय सवारी प्रयोगको लागी अनुरोधमुलक प्रचारप्रसार, मर्मत केन्द्र स्थापना तथा संचालनमा सहयोग जस्ता कार्यमा बजेटको खर्च व्यवस्थापन गर्न सकिनेछ । नेपाल सरकारले गरेको विधुतीय सवारी साधन खरिदमा हुने कर छुटको व्यवस्थालाई समेत प्रत्यक्ष रुपमा जानकारी हुनेखालका कृयाकलाप समेत समावेश गर्न सकिनेछ । यसमा प्रदेशले थप कार्यक्रमका कार्यक्षेत्र समेत पहिचान र कार्य संचालन गर्न सक्नेछ ।

**जनशक्ति व्यवस्थापन**

प्रदेश मन्त्रालय, प्रादेशिक अन्य मन्त्रालयहरू, प्रदेश बन निर्देशनालय वा डिभिजन तथा सब डिभिजन वन कार्यालयहरुका कर्मचारी, समूह/समिति, स्थानिय तह लगाएत अन्य सरोकारवालाहरुसँगको समन्वयमा कार्य संचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- विधुतिय सवारी साधनको प्रयोग तुलानात्मक रुपमा बढेको हुने ।

**४.५. फोहरलाई श्रोतमा नै वर्गिकरण गरी व्यवस्थापन गर्न जनचेतना अभिवृद्धि गराउने**

यो कार्यक्रम कार्य संचालन गर्ने कार्यालयहरुले कार्यालय परिसर वा अन्य सार्वजनिक स्थल वा कुनै गाउँ वा नगर वा टोलको फोहर व्यवस्थापन सम्बन्धि सांकेतिक तथा विभिन्न चेतनामुलक

कार्यक्रमहरू संचालन गर्न सक्नेछन् । माथि उल्लेखित स्थानको फोहर संकलन, वर्गिकरण, तथा वर्गिकृत फोहर समुहको व्यवस्थापन अभ्यास र सो को लागि आवश्यक औजार तथा उपकरण समेत खरिद गर्न सक्नेछन् । विनियोजित बजेट प्रचारप्रसार, जलपान, अन्तरक्रिया, प्रवचन कार्यमा चियाखाजा, सरसफाइ सामग्री खरिद, फोहर संकलन गर्ने टोकरी।विन।होडिङ.वोड तथा वर्गिकरण, विषयसंग सम्बन्धित कार्यशाला वा गोष्ठी संचालन, र्‍याली आदिमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको फोटोग्राफहरु, विल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्य संचालन गर्ने निकाय वा कार्यालयहरुका कर्मचारी, समूह/समिति, स्थानिय तह लगाएत अन्य सरोकारवालाहरुसँगको समन्वयमा समेत कार्य संचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- फोहरको वर्गिकृत रूपमा व्यवस्थापन भएको हुने ।

**४.६. प्लाष्टिकको झोलाको विकल्पको रूपमा वैकल्पीक झोला प्रयोगलाई प्रवर्द्धन तथा प्रदुषण नियन्त्रण सम्बन्धि अन्तरक्रिया**

यो कार्यक्रम कार्य संचालन गर्ने कार्यालयहरुले प्लाष्टिक झोलाको विकल्पको रुपमा Bio-degradable झोलाको प्रयोग तथा उत्पादन गर्ने सम्बन्धि सांकेतिक तथा विभिन्न चेतनामुलक अन्तरक्रियाका कार्यक्रमहरू संचालन गर्न सक्नेछन् । यसको लागी Bio-degradable झोला बनाउने र वितरणको अभ्यास र सो को लागि आवश्यक औजार तथा उपकरण समेत खरिदको लागि यो रकम खर्च गर्न सक्नेछन् । प्रचारप्रसार, जलपान, अन्तरक्रिया, प्रवचन कार्यमा चियाखाजा, विषयसंग सम्बन्धित कार्यशाला वा गोष्ठी वा अन्तरक्रिया संचालन, आदिमा समेत यो बजेट खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको फोटोग्राफहरु, विल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

कार्यक्रम संचालन गर्ने कार्यालयहरुका कर्मचारी, समूह/समिति, स्थानिय तह लगाएत अन्य सरोकारवालाहरुसँगको समन्वयमा समेत कार्य संचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट व्यवस्था सम्बन्धित प्रदेश मन्त्रालयले विनियोजन गरे बमोजिम हुनेछ ।

**अपेक्षित उपलब्धि**

- प्लाष्टिक झोलाको प्रयोगमा कमि भएको हुने ।

**पुनश्चः** यस कार्यविधि अनुसार संचालन हुने सशर्त अनुदान स्वरुप हस्तानतरण भएका कार्यक्रम कार्यान्वयनका लागि थप आर्थिक दायित्व सिर्जना गर्न पाइने छैन र विनियोजित बजेटको सीमा वा परिधि भित्र रही कार्यक्रमको खर्च व्यवस्थापन गर्नु पर्नेछ । साथै उल्लेखित कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकनको व्यवस्था वन तथा वातावरण मन्त्रालयले मिलाउने छ ।

समाप्त